## श्रम विभागको रोजगार केन्द्रहरू

**Admiralty Job Centre**
9/F, High Block, Queensway Government Offices, 66 Queensway, Hong Kong (Exit C1, Admiralty MTR Station) — **2591 1318**

**North Point Job Centre**
12/F, North Point Government Offices, 333 Java Road, North Point, Hong Kong (Exit C, Quarry Bay MTR Station) — **2114 6868**

**Kowloon East Job Centre**
1/F, Trade and Industry Tower, 3 Concorde Road, Kowloon (Exit C, Kai Tak MTR Station, opposite to Mikiki Shopping Mall) — **2338 9787**

**Kowloon West Job Centre**
9/F, Cheung Sha Wan Government Offices, 303 Cheung Sha Wan Road, Kowloon (Exit C1, Shamshuipo MTR Station) — **2150 6397**

**Kwun Tong Job Centre**
10/F, Kowloon East Government Offices, 12 Lei Yue Mun Road, Kwun Tong, Kowloon (Exit D4, Kwun Tong MTR Station) — **2342 0486**

**Shatin Job Centre**
2/F, Shatin Government Offices, 1 Sheung Wo Che Road, Shatin, New Territories (Exit B, Shatin MTR Station) — **2158 5553**

**Sheung Shui Job Centre**
Units 2001-2006, Level 20, Landmark North, 39 Lung Sum Avenue, Sheung Shui, New Territories (Exit A4, Sheung Shui MTR Station) — **3692 4532**

**Tsuen Wan Job Centre**
2/F, Tsuen Wan Government Offices, 38 Sai Lau Kok Road, Tsuen Wan, New Territories (Exit A, Tsuen Wan MTR Station) — **2417 6197**

**Tuen Mun Job Centre**
G/F, Victory Building, 3 Tsing Min Path, Tuen Mun, New Territories (Near Light Rail Prime View Station) — **2463 9967**

**Tung Chung Job Centre**
Unit 211A, 2/F, Yat Tung Shopping Centre, Yat Tung Estate, Tung Chung, Lantau Island, New Territories (Near Yat Tung Estate Bus Terminus) — **3428 2943**

**Yuen Long Job Centre**
Unit 401, 4/F, Tin Ching Amenity and Community Building, Tin Ching Estate, Tin Shui Wai, New Territories (Near Light Rail Tin Yuet Station) — **3692 5750**

## श्रम विभागको भर्ती केन्द्रहरू

**Recruitment Centre for the Catering Industry**
2/F, Treasury Building, 3 Tonkin Street West, Cheung Sha Wan, Kowloon (Exit A, MTR Nam Cheong Station)
Job Seeker Hotline: 3847 7600 — Employer Hotline: 3847 7606

**Recruitment Centre for the Retail Industry**
2/F, Treasury Building, 3 Tonkin Street West, Cheung Sha Wan, Kowloon (Exit A, MTR Nam Cheong Station)
Job Seeker Hotline: 3847 7611 — Employer Hotline: 3847 7616

**Construction Industry Recruitment Centre**
Units 3507-3512, 35/F, Tower 1, Millennium City 1, 388 Kwun Tong Road, Kwun Tong, Kowloon (Exit A, Ngau Tau Kok MTR Station)
Job Seeker Hotline: 3428 3303 — Employer Hotline: 3428 3303

अनतरकरयितमक रोजगार सेवा वेवसाइट

**https://www.jobs.gov.hk**

04/2024





# श्रम विभागको
# प्रयोग गर्न सजिलो
# रोजगार सेवाहरू









勞工處
Labour Department

(Nepali version)

## श्रम विभागको रोजगार केन्द्रहरू

श्रम विभागका रोजगार केन्द्रहरूले रोजगार खोजी गर्नेहरूको रोजगार खोज्ने काममा र रोजगारदाताहरूलाई कर्मचारी भर्ना गर्ने काममा मद्दत गर्नको लागि नि:शुल्क र सरल रोजगार सेवाहरू प्रदान गर्दछन् । प्रबन्धकहरू, सुपरिवेक्षकहरू, क्लर्कहरू, लेखा सहायकहरू, आपुर्ति कामदारहरू, बिक्री सहायकहरू, घरेलु कामदारहरू, शिल्पकारहरू, इत्यादिजस्ता रोजगारका विभिन्न रिक्त स्थानहरूको पूर्ति गर्नको लागि यी केन्द्रहरू पुरै कप्युटरीकृत रहेका छन्; र यी केन्द्रहरूले विभिन्न शैक्षिक र व्यवसायिक पृष्ठभूमिहरू रहेका रोजगार खोजी गर्नेहरूको दर्ता गर्दछ ।
रोजगार केन्द्रहरूले रोजगार खोजी गर्नेहरूलाई रोजगारको खोजीमा सहजीकरण गर्नका लागि विभिन्न उपकरणहरू पनि उपलब्ध गराउँछन् । रोजगार खोजी गर्नेहरूले अन्तरक्रियात्मक रोजगार सेवाका विभिन्न सेवाहरू प्रयोग गर्नका लागि इन्टरनेट सेवा सहितका कम्प्युटरहरू प्रयोग गर्न पाउँछन् । आफ्नो बायोडाटा बनाउन बायोडाटा बनाउने सफ्टवेयरसहितको कप्युटरहरू र रोजगार केन्द्रहरूमा जडान भएको फ्याक्स मेसिनको प्रयोग गरेर आफ्नो आवेदन पत्र र व्यक्तिगत विवरणहरू फ्याक्समार्फत रोजगारदाताहरुलाई पठाउन सक्छन् । आफ्नो रोजगारसँग सम्वन्धित आवश्यकताहरूबारे छलफल गर्न, श्रम बजार र प्रशिक्षण/पुनर्प्रशिक्षण पाठ्यक्रमहरूबारे जानकारी प्राप्त गर्न र/वा उपयुक्तताअनुसार रोजगार अभिरूचि निर्धारण गर्नको लागि रोजगार परामर्श सेवा प्राप्त गर्न रोजगार केन्द्रमा रहेका रोजगार अधिकृतहरूसँग भेट्न पनि सक्छन् ।
हङकङमा रहेका जातीय अल्पसंख्यकहरू वा आएका नवआगन्तुकहरूसहित रोजगार खोजी गरिरहेकाहरूलाई विस्तृत रोजगार जानकारी प्राप्त गर्नका लागि रोजगार केन्द्रहरूमा रहेका संसाधन केन्द्रमा भ्रमण गर्नका लागि स्वागत छ । माथि उल्लेखित रोजगार सेवाहरूबाहेक, जातीय अल्पसंख्यक र नवआगन्तुकहरूको आवश्यकता पुरा गर्नका लागि सटिक नियमित रोजगार जानकारीहरू पनि उपलब्ध छन् ।

## रिक्त स्थानहरूको प्रचार गर्नका लागि सञ्जाल

रोजगार खोज्नेहरूको खोजी गर्न र उनीहरूबाट आवेदन उपलब्ध गराउनका लागि रोजगारदाताहरूले दिएका रिक्त स्थानहरूको विभिन्न माध्यमहरूबाट व्यापक प्रचार गरिन्छ ।

- रोजगार केन्द्रमा प्रदर्शनमा राखिएका रोजगार कार्डहरू;
- रोजगार केन्द्रहरूमा स्थापना गरिएका रिक्त स्थान खोजी गर्ने जब इजी (रोजगारको सरल) टचस्क्रिन टर्मिनलहरू । जब इजीको प्रयोगबाट स्क्रिनमा केही पटक छोएपछि पछिल्लो रिक्त स्थानबारेको जानकारी प्राप्त गर्न सकिन्छ । यी टर्मिनलहरूमा प्रिन्ट गर्ने सुविधाहरू पनि उपलब्ध छन्;
- अन्तरक्रियात्मक रोजगार सेवा वेवसाइट (https://www.jobs.gov.hk);
- ठूला रोजगार मेलाहरू र जिल्लास्तरीय रोजगार मेलाहरू
- अखबारहरूमा छापिने विज्ञापनहरू ।

## रोजगार खोजी गर्नेहरूको दर्ता कार्यविधी

- रोजगार खोजी गर्नेहरूले अनलाइनमार्फत अन्तरक्रियात्मक रोजगार सेवा वेवसाइट (https://www.jobs.gov.hk) मा गएर वा जुनसुकै रोजगार केन्द्रहरूमा व्यक्तिगत रूपम गएर सरल दर्ता सेवाको प्रयोग गरेर दर्ता गर्न सक्छन् । पहिलो पल्ट दर्ता गराउनेहरूले दर्ता फारम भर्नका लागि केही मिनेट खर्च गर्नुपर्छ र त्यसको भोलिपल्ट कार्यालय दिनमा उनीहरूले टेलिफोन रोजगार सेवा प्रयोग गर्न सक्छन् । यो व्यवस्थाबाट सिफारिस पाएर रोजगार केन्द्रहरूमा रोजगारको लागि लाममा बस्दा खर्च हुने उनीहरूको समयको बचत हुनेछ ।

## अर्ध-स्वयं-सहयोगी रोजगार सेवाहरू

- रोजगार खोजी गर्नेहरूले उनीहरूका लागि उपयुक्त खुल्ने समय छानेर जुनसुकै रोजगार केन्द्रको भ्रमण गर्न सक्छन् । उनीहरूले कर्मचारीबाट सिफारिस सेवा खोज्न पनि सक्छन्;
- रोजगारदाताले उनीहरूको सम्पर्क माध्यम खुलाएर छानेको अवस्थामा रोजगार खोज्नेहरूले सिधै रोजगारको निवेदन दिन सक्छन्;
- केही रिक्त स्थानहरू निजी रोजगार एजेन्सीहरूले रोजगारदाता सेवाग्राहीको तर्फबाट उपलब्ध गराएका हुन्छन् । यी रिक्त स्थानहरूका लागि आवेदन दिने रोजगार खोजी गर्नेहरूले कुनै शुल्क तिर्नुपर्दैन।

## अन्तरक्रियात्मक रोजगार सेवा

- रोजगार खोजी गर्नेहरूले अनलाईन दर्ता गर्न, पछिल्लो रिक्त स्थान जानकारी हेर्न र अन्तक्रियात्मक रोजगार सेवा वेवसाइट (https://www.jobs.gov.hk) मार्फत सामान्य रोजगार मिलाउन सक्छन्;
- दर्ता गरिएका रोजगार खोजी गर्नेहरूको शैक्षिक योग्यता, कामको अनुभव, रोजगार सीपहरू, रोजगार प्राथमिकताहरू र अपेक्षित तलव वेवमा प्रदर्शन हुनेछ । उनीहरूको गोपनीयताको संरक्षणका लागि नाम, आइडी कार्ड नम्वर, ठेगाना र टेलिफोन नम्वरजस्ता व्यक्तिगत विवरणहरू लुकाइनेछ;
- रोजगारदाताहरूले उनीहरूकहाँ रिक्त रहेको स्थान भर्नका लागि उपयुक्त उम्मेदवारहरू छान्न विशेष रुपमा डिजाइन गरेको सर्च इन्जिनको प्रयोग गर्न सक्छन् । रोजगारदाताबाट उम्मेदवारहरूको सूची प्राप्त गरेपछि रोजगार केन्द्रहरूले छोटो सूचीमा परेका वा छानिएका केही काम खोज्नेहरूलाई रोजगारदाताकहाँ सिफारिस गर्ने व्यवस्था गर्नेछन्;
- रोजगार खोजी गर्नेहरूले जुनसुकै समयमा जहाँबाट पनि उनीहरूको मोवाइल उपकरणबाट अन्तरक्रियात्मक रोजगार सेवा मोवाइल एप्लिकेसनहरू (आइओएस र एन्ड्रोइड दुवै संस्करण उपलब्ध) प्रयोग गर्न सक्नेछन् ।

## टेलिफोन रोजगार सेवा केन्द्र

- निजी क्षेत्रका पदहरूका लागि आवेदन भर्न इच्छुक दर्ता भएका रोजगार खोजी गर्नेहरूले पहिला उपयुक्त रिक्त स्थानहरूको पहिचान गरी सिफारिस सेवाको लागि टेलिफोन रोजगार सेवा हटलाईन २९६९ ०८८८ मा फोन गर्न सक्छन्,
- टेलिफोन रोजगार सेवा केन्द्रका स्थान मिलाउने अधिकारीहरूले रोजगार खोजी गर्नेहरूलाई रोजगारदाताहरूसँग कन्फ्रेन्स कलमार्फत जोड्न र रोजगार अन्तर्वार्ता मिलाउन सहयोग गर्न सक्छन्।

## क्याटरिङ उद्योगका लागि भर्ती केन्द्र, खुद्रा उद्योगका लागि भर्ती केन्द्र र निर्माण उद्योग भर्ती केन्द्र

- रोजगार खोजी गर्नेहरूले क्याटरिङ, खुद्रा र निर्माण क्षेत्रका पछिल्ला रिक्त स्थानको खोजी सम्वन्धित केन्द्रहरूमा गर्न सक्छन् । क्याटरिङ, खुद्रा र निर्माण उद्योगका रोजगारदाताहरूलाई विभिन्न चरणका भर्ती क्रियाकलापमा समय समयमा र रोजगार खोजी गर्नेहरूसँग तत्काल स्थानमै अन्तर्वार्ता सञ्चालन गर्नका लागि आमन्त्रित गरिन्छ;
- केन्द्रहरूको पछिल्लो भर्ती गतिविधीको बारेमा जानकारी पाउनका लागि रोजगार खोजी गर्नेहरूले अन्तरक्रियात्मक रोजगार सेवा वेवसाइट (https://www.jobs.gov.hk) हेर्न सक्छन् ।

हाम्रो रोजगार सेवामार्फत पोस्ट गरिएका रोजगारमा आवेदन दिदाँ तपाईको कुनै प्रश्न भएमा कृपया हाम्रा कर्मचारीहरूलाई सम्पर्क गर्नुहोला ।